नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
## अनुगमन तथा मूल्यांकन शाखा

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः- ०७४/७५
चलानी नं.:- ९६१

मिति :२०७४।९।३०

**विषयः आर्थिक सर्वेक्षण २०७४/७५ को लागि विवरण उपलब्ध गराईदिने बारे।**

श्री सम्बन्धित महाशाखा/शाखा (सबै), सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार।
श्री केन्द्रीय पञ्जिकरण विभाग, बबरमहल।
श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, पुल्चोक।
श्री समिति/प्रतिष्ठान/आयोजना/कार्यक्रम/आयोग सबै।

प्रस्तुत बिषयमा अर्थ मन्त्रालयको च.न. ११४/०७४/७५ मिति २०७४/०८/११ को पत्रानुसार नेपाल सरकारबाट भए गरेका नीति तथा कार्यक्रमको कार्य प्रगतीको समिक्षा एवं यसले अर्थतन्त्रमा पारेको प्रभाव मूल्याङ्कनको विश्लेषण गरि हरेक वर्षमा आर्थिक सर्वेक्षण प्रकाशन गर्ने हुँदा सोही प्रयोजनको लागि चालु आ. व. ०७४/७५ मा यस मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सम्पादित कार्यहरु, तिनको लक्ष्य, प्रगति र तिनले अर्थतन्त्रमा पुर्‍याएको योगदान समेतको विश्लेषण गरी विवरणहरु माग भई आएको हुँदा तहाँ महाशाखा/शाखा/विभाग/समिति/प्रतिष्ठान/आयोजनाहरु मार्फत सम्पादित भएका कार्यहरुको माग भए बमोजिमको देहायका विवरण २०७४/१२/०५ भित्र यस शाखामा अनिवार्य रुपमा आईपुग्नेगरी पठाईदिनु हुन आदेशानुसार अनुरोध छ।

**विवरणको ढाँचाः**

१. नेपाल सरकारको चालु आ.व. को नीति तथा कार्यक्रम सम्बन्धमा तहाँसंग सम्बन्धित विषयहरुको लक्ष्य र लक्ष्य प्राप्तिको विद्यमान अवस्था बारेको संक्षिप्त विश्लेषण।
२. आर्थिक वर्ष २०७४/०७५को प्रथम आठ महिनाको प्रगति समीक्षा र सोको आधारमा हुने वार्षिक अनुमान।
३. सम्बन्धित विकास आयोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण।
४. सम्बन्धित क्षेत्रका अद्यावधिक तथ्याङ्क एवं सूचकहरुको तुलनात्मक विश्लेषण।
५. विगत तीन वर्षको वार्षिक तथ्याङ्क एवं विगत तीन वर्षको प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित सम्बन्धित क्षेत्रको विद्यमान स्थिति, परिवर्तन र प्रवृत्तिबारे छोटो विश्लेषण।
६. विगत दश वर्षको सम्बन्धित क्षेत्रहरुको तथ्याङ्कको तालिका।
७. भूकम्प पछिको पुनर्निमाण तथा नव निर्माण अवस्थाको तथ्याङ्क तथा सो को विश्लेषण।
८. तथ्याङ्क विश्लेषण गर्दा आवश्यक्तानुसार तालिका, चार्ट एवं ग्राफको प्रयोग र प्रयोग भएको तथ्याङ्कको स्रोत।
९. लक्ष्य प्राप्तिमा आई परेका कठिनाई तथा चुनौतिहरुको बुँदागत विश्लेषण।
१०. आर्थिक विकास र अर्थतन्त्रमा सम्वन्धित क्षेत्रबाट पुगेको सहयोगको विश्लेषण।

पूनश्चः सम्वन्धित विषयका सान्दर्भिक सामग्रीलाई मन्जुषा (Box) को रुपमा समेत उपलब्ध गराईदिनुहुन र विवरणहरु उलब्ध गराउँदा नेपाली भाषामा “Unicode (Kalimati)” अंग्रेजी भाषामा “Times New Roman” अनिवार्य रुपमा प्रयोग गरी Soft Copy समेत यस शाखाको *Email address: monitoringmofald2015@gmail.com* मा उपलब्ध गराउनु हुन अनुरोध गर्दछु।

२०७४।९।३०
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थ :
श्री सूचना तथा विधुतीय शासन शाखा, सिंहदरबार। - मन्त्रालयको website मा राखिदिने व्यवस्था हुन।